# बुटवल उप महानगरपालिकाको आर्थिक कार्यविधि ऐन, २०७५
# (पहिलो संसोधन) २०७६

मिति २०७६।९।१४ मा बसेको नगरसभाको छैठौं अधिवेशन वैठकबाट पारित बुटवल उप महानगरपालिकाको आर्थिक कार्यविधि ऐन, २०७६

१. दफा २ मा रहेको ....... "प्रोदभावि लेखा प्रणाली (Accural Accounting System)"........भन्ने वाक्यांशको ठाउँमा ..... <u>प्रोदभावि लेखा प्रणाली **(Accural Accounting System)** वा "नेपाल सरकारबाट तोकिए बमोजिमको प्रणाली"</u> थप गरिएको ।

२. दफा ५ क ...... <u>(१) पुरक बजेट वा संसोधन बजेट प्रस्ताव पेश गर्न सकिने ।</u>

<u>(२). देहायको अवस्थामा नगरकार्यपालिकाले पुरक बजेट वा बजेट संसोधन प्रस्ताव नगरसभामा पेश गर्न सक्नेछ ।</u>

<u>क अनुमान गरे भन्दा बढी वा घटी आय हुने अवस्था भएमा संसोधित आय व्यय प्रस्ताव</u>

<u>ख. विषेश परिस्थिति सिर्जना भई स्वीकृत योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्न नसकिएको वा नया योजना तथा कार्यक्रम तत्काल कार्यान्वयन गर्नु पर्ने अवस्था सिर्जना भएको ।</u>

<u>ग. विषेश परिस्थिति होइन भन्ने नगरसभालाई लागेमा उपदफा २ बमोजिमको प्रस्ताव स्वतः निस्क्रिय हुनेछ ।</u>

<u>घ उपदफा २ ख बमोजिमको कारण जनाई ल्याइएको प्रस्ताव पहिला स्वीकृत भए पछि मात्र त्यस्तो पुरक वा संसोधित बजेट सम्बन्धि प्रस्ताव उपर छलफल गरी स्वीकृतिका लागि सभा समक्ष पेश गर्नु पर्नेछ ।</u>

<u>ङ. पुरक बजेट वा संसोधित बजेट पारित गर्ने प्रक्रिया प्रचलित कानुनमा व्यवस्था भए बमोजिम नै हुनेछ ।</u>

<u>च. उपदफा २ क र ख बमोजिम प्रस्ताव नगरसभाबाट पारित भै स्थानीय राजपत्रमा प्रकाशित भए पछि मात्र लागु हुनेछ ।</u>

<u>छ. बजेट स्वीकृत भई कम्तीमा ५ महिना नपुग्दै विशेष परिस्थितिमा बाहेक यस दफा बमोजिमको प्रस्ताव समान्यतया पेश गर्न पाइने छैन ।</u> भन्ने वाक्यांश थप गरिएको ।

३. दफा ६ को उपदफा १ मा ........ खर्च गर्ने अख्तियारी दिनु पर्नेछ । भन्ने ठाउँमा ....... <u>खर्च गर्ने अख्तियारी दिन सक्नेछ ।</u> भन्ने वाक्यांश थप गरिएको

४. दफा ११ को उपदफा १ मा ...... प्रोदभावि लेखा प्रणालीमा आधारित लेखा प्रणाली (Accural Accounting System) .... भन्ने ठाउँमा ...**"प्रोदभावि लेखा प्रणाली (Accural Accounting System)" वा नेपाल सरकारबाट तोकिए बमोजिम राखिनेछ ।** भन्ने वाक्यांश थप गरिएको ।

५. दफा २१ को उपदफा २ मा .............तोकिएको ढांचामा ..... भन्ने ठाउँमा ........... **कार्यपालिकाले तोके वमोजिम**........ वाक्यांश थप गरिएको ।